
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सूर्योदय नगरपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सूर्योदय नगरपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सूर्योदय नगरपालिका

इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

२०८१।०२।१३ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १७४

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुख ज्यू ,
सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इलाम।

१. **कैफियत सहितको राय–** हामीले नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९० लाख ९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.७२ लाख ८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख २६ हजार, नियमित गर्नुपर्ने रु. ९५ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु. १३ करोड ७६ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ९४ लाख ५४ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा-** यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

३.१ यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३.२ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। यस नगरपालिकाका नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

**सूर्योदय नगरपालिका,**

इलाम जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

**बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ९ | ९००९ | ० | ६ | ७२३८ | ३७ | ३ | १७७१ | ० | ९५ | १४२६ | ० | ० | १५२१ | २५० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | १३७६८३ | ० | ० | १३७६८३ | ० | १७७१ | १३९४५४ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | २० | पेश्की फर्छ्यौट | १७३००० |
| २ | | ३१ | बढी भुक्तानी | ६००९६.८८ |
| ३ | | ३२ | अनियमित | ६९९३५४ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | ३५ | अनियमित | १७९९८९७ |
| ५ | | ४१ | अनियमित | ४५०५३९४ |
| | | **जम्मा** | | ७२३७७४२ |
| | **गत विगत वर्षतर्फको** | | | ० |
| | **कुल जम्मा** | | | ७२३७७४२ |

## परिचय

१ **परिचय**

**(क) सूर्योदय नगरपालिकाको परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। २१ देखि २०८०।०५। २७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना नौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. 1,36,85,94,466.17, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. 1,36,85,94,466.17 को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४७४७२९।५ असुल भइ संघीय संचित कोष र कर कार्यालयमा दाखिला गरेको प्रमाण पेश भएको छ ।

| वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|
| शिक्षक तलब भत्ता बढि निकाशा | ३४००० | २०८०।६।१ | राष्ट्रिय वाणिज्य बैंक |
| आन्तरिक आयको ठेक्कामा मूअ कर दाखिला | ३७४५७५।५ | २०८०।६।२१ | राष्ट्रिय वाणिज्य बैंक |
| पारिश्रमिक कर | ३६०० | २०८०।६।१५ | राष्ट्रिय वाणिज्य बैंक |
| अग्रीम कर | १५००० | २०८०।६।१५ | राष्ट्रिय वाणिज्य बैंक |
| शिक्षकको बढि तलब निकाशा | ४५९५४ | २०८०।६।११ | राष्ट्रिय वाणिज्य बैंक |
| अग्रीम कर | १६०० | २०८०।६।१ | राष्ट्रिय वाणिज्य बैंक |
| **जम्मा** | ४७४७२९।५ | | |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडारहेको छ भने क्षेत्रफल २५२.२५ वर्ग किलोमिटर तथा ५४७२७ जनसंख्या रहेको छ ।

सैद्धान्तिक बेरुजु

३ **लेखापरीक्षण** - यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय विवरण** - एकिकृत आय व्यय विवरण विस्तृत विवरण अनुसूची ३ मा समावेश रहेको छ । वित्तीय विवरण सम्बन्धमा देखिएका मूख्य व्यहोराहरु देहायअनुसार छन् :
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा

तथा संरक्षणको रु. ३१,११,०२,००७।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,१९,९३,५९३।-, र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ६,२६,०००।- समेत गरी रु. ३३,३७,२१,६००।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । विस्तृत विवरण अनुसूचीमा छ ।

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१९,६५,४७,८८७.४०निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.६४,२०,९७५.८२ (३.२७प्रतिशत),दोस्रो त्रैमासिकमा रु.३,५७,१४,९३०.६२ (१८.१७प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१५,४४,११,९८०.९६ (७८.५६प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६,७३,५९,३६०.४३ (३४.२७..प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । यसरी बर्षान्तमा खर्चको अधिक चाप पर्दा खर्च तथा निर्माण कार्यको गुणस्तर यकिन हुन सकेन ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ६,३३,१५,०७६।३९राजस्व बाँडफाँडबाट रु. १३,०३,४७,४४०।३९ र अनुदानबाट रु ७१,१८,५७,३०१।-समेत रु. ९०,५५,१९,८१७।७८ आम्दानी भएकोमा चालु तर्फ रु ५६,३६,७६,५७५।७०र पूँजिगत तर्फ रु.४३,४२,२३,६८५।४४ समेत रु. ९९,७९,००,२६१।१४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २२प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. १,५०,५७,४२३।-खर्च भएको छ जुन आन्तरिक आयको २३.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६.४८ प्रतिशत चालु र ४३.५२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा यस पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखियो । कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन :

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म सबै प्रकारका ऐन, नियमावली, कार्यविधि निर्देशिका र नर्म्स समेत कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याउने कार्यमा आंशिक प्रगति हाँसिल गरेको छ । पूर्णरुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन।

पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको पाईएन।

स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन।

दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको पाईएन।

पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको पाईएन।

सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रतिवेदन पेश गरेको पाईएन।

सूचना प्रविधी पद्दतिः

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार मूल्याङ्कन गर्नेः

कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अखितयारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो भएको पाइएन ।

सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको पाईएन।
सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाईएन।
सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको पाइएन ।

सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा IS Audit Manual बमोजिम लेखापरीक्षण गरी यसको विश्वसनीयता यकिन गरेको पाईएन।

सैद्धान्तिक बेरुजु

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५,२८,६४,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ५४१३९०६३।३९ अर्थात अनुमान भन्दा २.४१ प्रतिशत बढी आय प्राप्त गरेको छ ।अघिल्लो वर्षको जिम्मेवारी रु. ३१८७११५००।— रहने अनुमान रहेकोमा रु. ३०२१३२५८९।२२ अर्थात् अनुमान भन्दा ५.२ प्रतिशत घटी मात्र जिम्मेवारी सरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । आन्तरिक आयको अभिलेख सम्बन्धी नयाँ मलेप फारमहरुको प्रयोग गरी असूली र दाखिलाबीच हिसाव भिडान गर्ने पर्याप्त र भरपर्दो आन्तरिक नियन्त्रण प्रणालीको प्रबन्ध गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९ **स्थानीय तथ्याङ्क तथा अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ

। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६४८४३६५३३।१५ | ३४९४६३७२७।९९ | ३५.०२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३५.०२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १७४०००००।- | १८५००४६७।३८ | १०६.३ |
| घरजग्गा वहाल कर | १३०००००।- | २५२९७८४।९६ | १९४.६ |
| व्यवसाय कर | ४००००००।- | ४८७८४०५।०० | १२१.६ |
| वहाल विरौटी शुल्क | ५०००००।- | ९१२३२५।०० | १८२.४ |

पालिका क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **राजश्व अभिलेख तथा व्यावसाय कर -**

क) कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्वचालित विद्युतीय प्रणालीका अतिरिक्त पालिकाबाट रसिद ठेलिहरु

छपाई गरेर प्रयोग गर्ने गरेकोमा पशु सेवा शाखा तर्फ प्रयोग भएको नगदी रसीद नगदी रसिद नियन्त्रण खातामा प्रविष्ट गरेको देखिएन । यसले गर्दा असुली भएको सबै रकम दाखिला भएको छ भनी एकिन हुन सक्ने अवस्था रहेन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै राजस्व असुली र दाखिला यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखियो ।

.ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले ५०९ व्यवसाय दर्ता तथा १७०४ नवीकरण शुल्क वापत रु.४८७८४०५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् ।पालिकाले दर्ता तथा नविकरण गर्न बाँकी व्यवसाय र व्यवसाय करको बक्यौताको लगत अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । पालिकाको राजस्व तथा आन्तरिक आयको अभिलेख सम्बन्धी नयाँ मलेप फारमहरुको प्रयोग गरी असूली र दाखिलाबीच हिसाव भिडान गर्ने पर्याप्त र भरपर्दो आन्तरिक नियन्त्रण प्रणालीको प्रबन्ध गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **वजेट तथा नीति कार्यक्रम** - क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०७९।३।१० मा रु. १ अर्व ३५ करोड. ७९ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०७९।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४३,४२,२३,६८५.४४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे

यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । थप विवरण अनुसूचीमा समावेश छ ।

उपर्युक्तविवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासको क्षेत्रमासबै भन्दा बढी ३७.७६प्रतिशतर सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दाघटी ४.१३ प्रतिशत रहेकोछ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१८ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ढंगा सोलिङ गर्ने गोरेटो बाटो खन्ने लगाएको कार्यमा ९ योजना सञ्चालन गरी यस वर्ष १०५ जनालाई औसत ९५.६ दिनले १००३४ दिन रोजगारी उपलव्ध गराई रु. ५७८९२४६।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. ११०६७२८१।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४२३०००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु...

क) म्याद ननाघेको पेश्की बाँकी

| **क.स.** | **विवरण** | **रकमरु.** |
|---|---|---|
| 1 | वि.एल.टि.कन्सट्रक्सनप्रा.लि. | 3272281.00 |
| 2 | वि.एस.डी.इन्टरप्राइजेज/वि एस डी कन्ट्रक्सन | 501000.00 |
| 3 | सूर्योदय।फाल्गुनन्दजे.भी. | 1850000.00 |
| 4 | वि.एस.डी.इन्टरप्राइजेज/वि एस डी कन्ट्रक्सन | 220000.00 |
| 5 | सूर्योदय।फाल्गुनन्दजे.भी. | 150000.00 |
| 6 | वि.एस.डी.इन्टरप्राइजेज/वि एस डी कन्ट्रक्सन | 220000.00 |
| 7 | राजलवटनिर्माण सेवा | 168000.00 |
| 8 | राजलवटनिर्माण सेवा | 21000.00 |
| 9 | सोहिनाकन्स्ट्रक्सन सेवा | 275000.00 |
| 10 | के.के.कन्स्ट्रक्सन | 172000.00 |
| 11 | एन्जेसकन्स्ट्रक्सन प्रा.लि | 495000.00 |
| 12 | वि.एल.टि.कन्सट्रक्सनप्रा.लि. | 3300000.00 |
| | **जम्मा** | **10644281.00** |

ख) म्याद नाघेको मोविलाइजेशन पेश्की बाँकी

| क.स. | विवरण | रकमरु. |
|---|---|---|
| 1 | पाथिभराहिमालयन पोलीटेक्निक इन्स्टीच्यूट प्रा.लि. | 250000.00 |

**प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्यौट भई पेश भएको आधारमा मिति २०८१-१-१० को निर्णयबाट रु. १७३०००।-सम्परीक्षण गरिएको ।**

| | |
|---|---|
| पेश्की | २,५०,००० |

२१ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा भत्ता ऐन, २०७५, सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ अनुसार सामाजिक सुरक्षा खर्चको नियमन तथा नियन्त्रण गर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा भएको व्यवस्थाअनुसार सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गरेको जनाएको छ । संघीय सरकारबाट पालिकालाई प्राप्त निकाशाअनुशार पालिकाले बैंकलाई रु. ३१११०२००७। निकाशा दिएकोमा बैंकले रु. ३०९५३५०२५। वितरण गरेको विवरण पेश गरेको छ । बैंकले बर्षान्तमा बाँकी रहेको मौज्दात रु. १५६६९८२। र लगत कट्टा /खाता बन्दबाट रु. ४७८७८८।८५ समेत रु. २०४५७७०।८५ पालिकालाई बर्षान्तमा फिर्ता गरेको हुँदा सो रकम संघीय संचित कोष फिर्ता गरेको छ । बैंकबाट लाभग्राहीहरुको निष्कृय खाताको विवरण लिएर त्यस्ता खाताहरुमा गएको सामाजिक सुरक्षाको रकम भिडान गर्ने गरेको छैन । पालिकाबाट कतिपय अनुदानग्राहीको लगत कट्टा समयमा नभएको र लगत कट्टा अनुसार बैंकबाट भत्ता वितरणको विवरणबीच हिसाब भिडान गर्ने प्रभावकारी व्यवस्था नहुँदा सामाजिक सुरक्षा खर्चको अवस्था आश्वस्त हुन सकिएन । साथै पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण नयाँअनुदानग्राही दर्ता तथा लगत कट्टाका सम्बन्धमा अनुगमन गरी यस्तो खर्चको विश्वसनीयता यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **अनुगमन गर्नुपर्ने**

२२.१ ६२०।२०७९।१२।८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उप दफा ४ मा स्थानीय तलबाट संचालित योजना तथा कार्यक्रमको प्रभावकारिता यकिन गर्नका लागि उप प्रमुखबाट अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था छ । त्यसैगरी वडा स्तरको योजना तथा कार्यक्रमको अनुगमन गर्ने कार्यमा सम्बन्धित वडा अध्यक्ष जिम्मेवार हुने व्यवस्था छ । पालिकाले नमुना मावि बिज्ञान संकाय संचालन अनुदान बापत श्री नमुना फिक्कल माविलाई रु. ४२७२५३। भुक्तानी गरेको छ । सो बिद्यालयले नियमअनुसार लागत अनुमान तयार नगरी हलेसी ट्रेड एण्ड सप्लायर्सबाट सामाग्री खरिद गरेको जनाई खर्च लेखेको छ । पालिकाबाट स्थलगत अनुगमन गरी कार्यप्रगति यकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२.२ ६६८।२०७९।१२।२७ पालिकाले उन्नजातको गाई प्रजनन कार्यक्रम अन्तर्गत शुद्ध होलिस्टेन गाईको सेक्स सिमेन खरिद तथा वितरण गर्नका लागि टेक लाईन इन्टरनेश्नल प्रालिबाट बोलपत्रका माध्यमबाट १००० थान खरिद गरेको छ ।प्रतिइकाई मूल्य रु ३४८०। रहेको छ ।पालिकासंग अघिल्लो पटक खरिद गरेको सेक्सडसिमेन हाल सम्म पनि वितरण भै नसकेको अवस्थामा अग्रिम रुपमा ठुलो संख्यमा

सेक्सडसिमेन खरिद गरेको उपयुक्त देखिदैन । उक्त कार्यक्रममा पालिकाले लाभग्राही कृषकबाट प्रति थान रु १५००। लागत साझेदारी गर्ने गरेको छ । त्यसैगरी अघिल्लो वर्षको सोही कार्यक्रममा प्रति थान रु २००० लाभग्राहीबाट लागत साझेदारीमा गरेको देखिन्छ । सेक्सडसिमेन उपयोग तथा मौज्दात विवरण र लागत साझेदारीमा लाभग्राहीबाट प्राप्त भएको नगदको हिसाब बिवरण तथा सोको बैंक दाखिला भएको विवरण अध्याबधिक गरेको छैन । पालिककाले प्रत्येक महिना केकति संख्यामा सेक्सडसिमेन वितरण गरेको त्यसको विवरण, बाँकी मौज्दातको अध्याबधिक विवरण र लाभग्राहीबाट लागत साझेदारीमा प्राप्त नगद तोकिएको समयमा बैंक दाखिला भएको विवरण बिच हिसाव भिडान गरि हिसाब यकिन गर्नुपर्दछ ।

११६६।२०८०।३।२४ पालिकाको वडा नम्बर ४ को वडा कार्यसमितिले सेक्स सिमन प्रोत्साहन कार्यक्रम अन्तर्गत वडाका २१ जना कृषकहरुको गाईमा होलिस्टेन गाईको सेक्स सिमेन लगाए बापत प्रति किसान रु २२००। का दरले प्रोत्साहन रकम प्रदान गरेको जनाई खर्च लेखेको छ ।जबकी यही कार्यक्रममा पालिकाले प्रति लाभग्राहीबाट लागत साझेदारी स्वरुप रु २०००। कृषकबाट असूल गरी राखेको अवस्थामा वडा कार्य समितिले नगरपालिकाको कार्यक्रम बिपरित हुनेगरी कृषकलाई पुन नगद वितरण गर्नु उपयुक्त देखिएन । पालिका तथा वडाका कार्यक्रमहरु एक आपसमा सामान्जस्यता हुनेगरी संचालन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को उप दफा ४ मा स्थानीय तलबाट संचालित योजना तथा कार्यक्रमको प्रभावकारिता यकिन गर्नका लागि उप प्रमुखबाट अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था छ । त्यसैगरी वडा स्तरको योजना तथा कार्यक्रमको अनुगमन गर्ने कार्यमा सम्बन्धित वडा अध्यक्ष जिम्मेवार हुने व्यवस्था छ । त्यसैगरी सोही ऐनको ९२ को उपदफा १ को खण्ड (ख) मा जिल्ला सभाबाट जिल्ला भित्रका सबै सरकारी कार्यालयबाट संचालित योजना तथा कार्यक्रमको प्रभावकारिता यकिन गर्ने कार्यक्रम संचालनको विभिन्न चरणमा अनुगमन गर्नुपर्ने व्यवस्था भएको हुँदा सोअनुसार अनुगमन तथा सुपरिवेक्षण गरी अनुदानको प्रभावकारिता एवं उपादेयता यकिन गर्नुपर्दछ । पालिकाबाट संचालित देहायअनुसारका कृषि तथा पशु सम्बन्धी योजना तथा कार्यक्रमबाट अनुदान वितरण भएकोमा ऐनको उल्लिखित व्यवस्थाअनुसार अनुगमन गरी अनुदानको उपयोगिता एवं उपादायेता यकिन गर्नुपर्दछ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

क) छुर्पि प्रवर्धन कार्यक्रम अन्तर्गत पालिकाले फर्म तथा कृषक समूहहरुलाई ५० प्रतिशत लागत साझेदारी हुनेगरी अनुदान प्रदान गरेको छ । पालिका र लाभग्राहीबीच भएको सम्झौताको बुँदा नम्बर १० मा

अनुदानग्राहीरुले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति कारोवारको विवरण अनिवार्यरुपमा पेश गर्नुपर्ने शर्त रहेको छ । पालिकाले सम्झौताको शर्तअनुसार अनुदानग्राहीसंग चौमासिक प्रगति, कारोवारको विवरण लिने तथा स्थलगत अनुगमन गरी कार्यप्रगति यकिन गर्नुपर्दछ ।

| मिति भौचर | विवरण | रकम |
|---|---|---|
| २१३।२०७९।१०।३ | सुर्योदय डेरी उद्योग | ४००००० |
| २८०।२०७९।११।२८ | ओरेन्ज भ्याली कृषि तथा पशुपालन फर्म | १००००० |
| ३०१।२०७९।१२।०९ | बिपुल डेरी उद्योग | १४३८४० |
| ३२७।२०७९।१२।२३ | हिमाली दुग्ध डेरी उद्योग | १००००० |
| ३२०।२०७९।१२।१२ | जेके डेरी उद्योग | २००००० |
| ३६१।२०८०।१।१४ | बज्रयोगिनी कृषि पशुपालन तथा डेरी उद्योग | २२६३१८ |
| ४१२।२०७९।३।४ | पारुहाङ्ग डेरी तथा पशुपंक्षी फर्म | १११२१५ |
| | **जम्मा** | **१२८१३७३** |

ख) मत्स्य मिसन कार्यक्रम अन्तर्गत पालिकाले फर्म तथा कृषक समूहहरुलाई ५० प्रतिशत लागत साझेदारी हुनेगरी अनुदान प्रदान गरेको छ । पालिका र अनुदानग्राहीबीच भएको सम्झौताको बुँदा नम्बर १० मा अनुदानग्राहीरुले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति कारोवारको विवरण पेश गर्नुपर्ने शर्त रहेको छ पालिकाले सम्झौताको शर्तअनुसार अनुदानग्राहीसंग चौमासिक प्रगति, कारोवारको विवरण लिने तथा स्थलगत अनुगमन गरी कार्यप्रगति यकिन गर्नुपर्दछ ।

| मिति भौचर | विवरण | रकम |
|---|---|---|
| ३२६।२०७९।१२।२३ | बिभान्त कुलुङ माछापालन फर्म | १४६५०० |
| ३२५।२०७९।१२।२३ | श्रेष्ठ कृषि तथा माछापालन व्यावसाय | ३९८१३७ |
| ३२३।२०७९।१२।२३ | लाजेहाङ्ग माछापालन फर्म | १९७००० |
| ३८९।२०८०।२।१२ | मत्स्य उन्नती कृषक समूह | ६००००० |
| | **जम्मा** | **१३४१६३७** |

ग) गाई भैसी पकेट विकास कार्यक्रममा ५० प्रतिशत लागत साझेदारी हुनेगरी अनुदान प्रदान गरेको छ । पालिका र अनुदानग्राहीबीच भएको सम्झौताको बुँदा नम्बर १० मा अनुदानग्राहीरुले त्रैमासिक रुपमा

कार्यक्रमको प्रगति कारोवारको विवरण पेश गर्नुपर्ने शर्त रहेको छ पालिकाले सम्झौताको शर्तअनुसार अनुदानग्राहीसंग चौमासिक प्रगति, कारोवारको विवरण लिने तथा स्थलगत अनुगमन गरी कार्यप्रगति यकिन गर्नुपर्दछ ।

| मिति भौचर | विवरण | रकम |
|---|---|---|
| ३२८।२०७९।१२।२४ | मालुम कृषि सहकारी संस्था लिमिटेड | १२५०००० |
| ३३०।२०७९।१२।२८ | जागृति दुग्ध उत्पादक सहकारी संस्थ्या लिमिटेड | १२५०००० |
| | जम्मा | २५००००० |

घ) पालिकाले चालु आर्थिका वर्षमा विभिन्न पालिका भित्रका व्यक्ती फर्म तथा समुहहरुलाई विभिन्न कृषि सम्बन्ध कार्यक्रममा अनुदान बितरण गरेको छ । पालिकाबाट स्थलगत अनुगमन गरी अनुदानको सहि सदुपयोग भए नभएको, अपेक्षित नतिजा हाँसिल भए नभएको यकिन गर्नुपर्दछ ।

| **मिति भौचर** | **विवरण** | **रकम** |
|---|---|---|
| ३६८।२०७९।९।१८ | पचास प्रतिशत अनुदानमा आलुको विउ वितरण गरेकोमा वितरणको भरपाई प्रमाणित गरेको छैन । वडा नम्बर १३ र १४ मा वितरण गरेको भरपाई मध्ये केही लाभग्राहीले हस्ते बुझिलिएको देखिन्छ ।त्यसैगरी वडा नम्बर १० मा केही अनुदानग्राहीको दस्तखतको ठाँउमा नाम मात्र उल्लेख भएको हुँदा पालिकाबाट स्थलगत अनुगमत गरी अनुदानको प्राप्ति एवं उपयोगको अवस्था यकिन गर्नुपर्दछ । | ३६४००० |
| ३८४।२०७९।९।२४ | पचास प्रतिशत अनुदानमा १५० थान काउम्याट वितरण गरेकोमा अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन । | ७६२७५० |
| ७३७।२०८०।१।१२ | बिपन्न जेष्ठ नागरिक सम्मान कार्यक्रममा बिपन्न ७ जना दलितहरुलाई निशुल्क ७ वटा बाख्रा वितरण गरेकोमा भरपाईमा अनुदानग्राहीको फोन नम्बर तथा फोटो समावेश छैन । | ७५००० |
| ८४०।२०८०।२।१९ | आदिबासी तथा जनजातीलाई निशुल्क ५० वटा बंगुरको पाठा बितरण गरेकोमा अनुदानग्राही | २५०००० |

| | | |
|---|---|---|
| | छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन । | |
| ९३३।२०८०।३।३ | कृषकलाई उन्नजातको बिउ बोका वितरण गर्ने कार्यक्रममा ७५ प्रतिशत अनुदानमा ४ वटा बोयर बोका बहुशान्ति बोयर बाखा पालन केन्द्रलाई र ४ ओटा अन्य फर्मलाई वितरण गरेकोमा सम्झौताको शर्त अनुसार कृषकले कृषि बीमा गर्ने बोकालाई खोप लगाउने,गर्भाधानको विवरण तथा प्रगति विवरण पालिकामा पठाउने जस्ता शर्त भएकोमा सोअनुसारको कुनै विवरण पालिकासंग नभएको हुँदा सम्झौताको पालन सुनिश्चित हुन सकेन । | २००००० |
| ९४०।२०८०।३।५ | असी प्रतिशत अनुदानमा १७ थान च्यापकटर वितरण गरेकोमा अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन । | २२६५२० |
| १०१८।२०८०।३।१७ | घले कृषक भेडा पालन समुहलाई पचास प्रतिशत लागत साझेदारीहुनेगरी अनुदान प्रदान गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन । | २९७३६६ |
| १०९८।२०८०।३।१९ | गोठेमल सुधार कार्यक्रममा पचास प्रतिशत अनुदानमा १६ जना कृषकहरुलाई जनही रु २३३००।का दरले अनुदान वितरण गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन ।अनुदानग्राहीबाट लागत साझेदारीको रकम नगदमा असूल नगरी बिल मात्र पेश गरेको हुँदा लागत साझेदारीको रकम सुनिश्चित हुन सकेन । | ३८८००० |
| ११४५।२०८०।३।२२ | मुक्तिनाथ एग्रीकल्चर कम्पनीबाट प्लाष्टिक टनेल खरिद गरी ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गरेको छ । | ४७७२५५ |
| | सशर्त तर्फ | |

| | | |
|---|---|---|
| ४१३।२०८०।३।४ | तरकारी पकेट विकास कार्यक्रम तर्फ साना किसान कृषि सहकारी संस्थालाई ब्यावसायिक योजना बेगर ५० प्रतिशत अनुदान प्रदान गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन। अनुदानग्राहीबाट लागत साझेदारीको रकम नगदमा असूल नगरी बिल मात्र पेश गरेको हुँदा लागत साझेदारीको रकम सुनिश्चित हुन सकेन । | ६००००० |
| ४३०।२०८०।३।१३ | नयाँ लघु उद्यमी सिर्जना सम्बन्धी कार्यक्रममा पालिकाले पशु तथा तरकारी खेती कृषकलाई ८० अनुदानमा अनुदान वितरण गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन । | ४५७७७१ |
| ४३१।२०८०।३।१३ | तरकारी पकेट विकास कार्यक्रम तर्फ पारीजात कृषक समूहलाई ब्यावसायिक योजना बेगर ५० प्रतिशत अनुदान प्रदान गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन। अनुदानग्राहीबाट लागत साझेदारीको रकम नगदमा असूल नगरी बिल मात्र पेश गरेको हुँदा लागत साझेदारीको रकम सुनिश्चित हुन सकेन । | ६००००० |
| ४७३।२०८०।३।१८ | नयाँ तरकारी पकेट विकास कार्यक्रममा श्री लगनशील एद्यमी कृषक समूहलाईब्यावसायिक योजना बेगर ५० प्रतिशत अनुदान प्रदान गरेको छ । अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन। अनुदानग्राहीबाट लागत साझेदारीको रकम नगदमा असूल नगरी बिल मात्र पेश गरेको हुँदा लागत साझेदारीको रकम सुनिश्चित हुन सकेन । | ६००००० |
| | **जम्मा** | **५८९७४१२** |

ङ) ३६८।२०७९।९।१८ पालिकाबाट ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण गरेको जनाई रु.३६४००० भुक्तानी गरेको छ । स्रेस्तासाथ संलग्न वितरण भरपाई परिक्षण गर्दा वडा नम्बर १३ र १४ को भरपाईहरुमा हस्तेमा अन्य व्यक्तीले बुझेको भरपाईहरु समेत रहेको छ ।त्यसैगरी वडा नम्बर

१० मा सामान बुझ्नेको दस्तखतको सट्टामा नामनै लेखेको देखिएको हुँदा यस्तो भरपाईको विश्वसनीयता यकिन हुन सकेन यस सम्बन्धमा पालिकाले यकिन गर्नु पर्दछ ।

च) ६७९।२०७९।१२।२८ महिला आयआर्जन तथा असल बुहारी सम्मान कार्यक्रममा ९ जना महिलाहरुलाई रु ६०००।का दरले रु. ६३०००। अनुदान दिएकोमा अनुदानग्राही छनौटको मापदण्ड तथा कार्यविधि यकिन हुन सकेन ।

छ) ८४२।२०८०।२।१९ असल बुहारी छनौटको स्पष्ट मापदण्ड बेगर पालिकाले असल बुहारी भएको जनाई १३ जना महिलाहरुलाई रु. १ लाखको १३ वटा बाख्राको पाठो वितरण गरेको उपयुक्त देखिएन ।

ज) ९२५।२०८०।२।३२ पालिकाले बिपन्न घरपरिवार पहिचानको स्पष्ट मापदण्ड तथा कार्यविधिबेगर बिपन्न नागरिकलाई स्वास्थ्य वीमाको प्रिमियम भुक्तानी गर्ने कार्यक्रममा पालिकाले प्रतिपरिवार रु ३५००। का दरले हुने गरी रु ५०००००। उपयुक्त देखिएन ।

सैद्धान्तिक बेरुजु

२३ **बस्तुगत टेवा** - ९१७।२०८०।२।३१ महिला तथा बालबालिक शाखा प्रमुख तारा शेर्पाले महिला सीपमुलक आयआर्जन कार्यक्रम अन्तर्गत कुखुरा पालन तालिम संचालन पश्चात सहभागिहरुलाई बिउपूँजी वस्तुगत टेवा बापत प्रति सहभागी रु. ५००० का दरले ५९ जना सहभागीलाई रु २९५०००। भुक्तानी गरेको छ । अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ परिच्छेद सातमा वस्तुगत टेवा बापत प्रति सहभागी रु ३०००। सम्म दिन मिल्ने व्यवस्था रहेको छ ।पालिकाको अनुसार रु. ३००० मात्र वस्तुगत टेवा एकदमै न्यून हुने हुँदा बजार महंगीलाई मध्येनजर गर्दै जनही रु. ५ हजारका दरले दिएको भन्ने भनाई रहेको छ । पालिकाबाट हुने यस्ता प्रकारका अनुदान वितरण गर्दा निर्देशिकाको मापदण्ड कडाईका साथ पालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **खर्चको भुक्तानी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ ।

क) ३५५।२०७९।९।७ पालिकाको वडा नम्बर ११ मा सामुदायिक सहजकर्ता मन कुमारी राईले बिपन्न परिवारलाई न्यानो कपडा ब्ल्याङ्केट वितरण गरेको जनाई रु ५०००० भुक्तानी लिएको छ । पालिकाले विपन्न घरपरिवार पहिचान नगरी बिपन्न परिवार सम्बन्धी स्पष्ट मापदण्ड तथा कार्यविधि बेगर बिपन्न परिवारलाई न्यानो कपडा वितरण गरेको उपयुक्त देखिएन ।

ख) ११४७।२०८०।३।२२ पालिकाले लिगल एक्सिस ल फर्मलाई कानूनी सेवा लिएबापत रु ३०५०००। भुक्तानी गरेको छ । उक्त खर्च मध्ये प्रति बहश रु ५००००। को एक पटक र प्रति बहश रु २५०००। ले २ पटकको बहश खर्च र २८ वटा तारेखको रु २०००। का दरले ५६०००। लगाएको खर्चको विवरण पेश गरेको छ । यस सम्बन्धा बहशको शुल्क दररेट निर्धारण सम्बन्धमा कुनै व्यहोरा उल्लेख छैन । यसरी शुल्क निर्धारण तथा सम्झौता बेगर खर्च लेखेको उपयुक्त देखिएन ।

सैद्धान्तिक बेरुजु

२५ **विवरण नखुलाएको** -निर्माण कार्य गर्दा भवन, मार्वल लगायतको कार्य भत्काउँदा र रुखहरु कटान गर्दा पुरानो सामग्रीहरु प्राप्त हुन्छ । उक्त सामग्रीहरु कार्यालयले आम्दानी देखाउनुपर्नेमा आम्दानी देखाएको छैन । जस्तै उदाहरणः

| **योजनाको नाम** | **सामानको विवरण** | **परिमाण** |
|---|---|---|
| Yang Khola -Ping Dada Tinghare Road 12 | Hard Rock | 199.38$m^3$ |
| Harkate Targaun Mahendrabesi Phase II | Hard Rock | 99.38$m^3$ |
| वडा नं. ३ कार्यालयको जस्तापाता फेर्ने कार्य | C.G.I. Sheet<br>Rafter<br>Beam | 263.25m2<br>35.85<br>0.5 |

ख) माटो कटिङः सडकको निर्माण कार्य गर्दा Roadway Earthwork excavation को कार्य गर्दा विस्तृत नापजाँच गरेर मात्र माटो र ढुङ्गाको परिमाण एकिन गर्नुपर्नेमा कुनै आधार बिना याङ खोला पिङ डाँडा घुमाउने -तिनघरे सडक लगायतको योजनाको माटो ढुङ्गाको बर्गीकरण नगरी खर्च लेखेकोले कार्यालयले परिमाण एकिन गर्नुपर्दछ ।

ग) मेसिनको प्रयोगः कार्यालयले निर्माण गरेका योजनाहरुमा Back Filling को कार्य गर्दा मानिसको प्रयोग गरेको पाईएकोले मेसिनको प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **एज विल्ट नक्शा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस वर्ष सञ्चालन गरेका योजनाहरुमा Earthwork in Foundation को कार्य गर्दा ड्रईङ तथा As Built Drawing हरुमा Ground Level नखुलाएकोले सडक, नाली, भवन लगायतका कार्यहरुको परिमाण र खर्च रकम एकिन गर्न सकिएन ।

केही उदाहरण अनुसूचीमा समावेश छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७ **चेनेज शुरुवाती बिन्दु** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । सडक निर्माण गर्दा सुरु प्वाईन्टको Specific Area वा GPS लेखि गर्नुपर्नेमा अधिकांश योजनाहरुमा 0+000 चेनेज लेखेको छ । 0+000 चेनेज कहाँ पर्छ समेत नखुलेको एउटा योजनामा प्रत्येक वर्ष काम भईरहने हुनाले दोहोरो कार्य पर्न सक्ने देखियो । साथै केही चेनेजमा चेनेज उल्लेख गरेको भएतापनी कुनै प्वाईन्ट देखिएको हो सो नखुलाएकोले सडक तथा स्ट्रक्चरहरु दोहोरो पर्ने देखियो । केही उदाहरणहरु अनुसूचीमा छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८ **सोझै खरिद** -सार्वजनिक खरिद निमयावली, २०६४ को नियम ३१ मा वार्षिक रु. २० लाख भन्दा बढि लागत अनुमान भएको मालसमान खरिद गर्दा वोलपत्रको माध्यबाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाबाट निम्न अनुसार योजनाहरु सोझौ कोटेसनबाट खरिद गरेको छ । वार्षिक खरिद योजना अनुसार खरिद गर्नुपर्नेमा कोटेसनबाट लागत अनुमानको हाराहारीमा रु. ९८३३०९०। को खरिद गरेको नियम सम्मत देखिएन । नियमावलीको उल्लिखित व्यवस्थाअनुसार सार्वजनिक खरिदमा प्रतिस्पर्धा स्वच्छता मितव्ययीता

कायम हुने गरी ई-बिडिङको माध्यमबाट यस्तो प्रकारको खरिद गर्ने कार्य गर्नुपर्दछ । पालिकाको अनुसार फरक प्रकृति र लोकेशनका कामहरुलाई प्याकेजिङ गर्न असहज हुने हुँदा यस्तो खरिद कार्यलाई कामको प्रकृतिअनुसार फरक फरक आपुर्तकबाट खरिद कार्य गरेको भन्ने भनाई रहेको छ । खरिद प्रक्रियालाई स्वच्छ, पारदर्शी, मितव्ययी एव प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| मिति भौचर | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| ५६५/२०८०-३-२२ | अलवेदर सडकबाट श्री कृष्ण आ.वि बैशाखे हुँदै जोगमाइ सडक | ९२३८९६।- |
| ५६३/२०८०-३-२२ | बाबा डाँडा गाजली सडक | ७७५१२५।- |
| ५५६/२०८०-३-२१ | शहरी स्वास्थ्य केन्द्र भवन पार्टेसन | ८५७२९७।- |
| ५२९/२०८०-३-१८ | फिक्कल बजार सौन्यदर्यकर्ण | ९६९२९८।- |
| ३७९/२०७९-९-२७ | STP RP सँग डस्टविन खरिद | ९७००००।- |
| २९६/२०७९-१२-२९ | सूचना केन्द्र | ३९०६६९।- |
| २८०/२०७९-१२-२६ | वडा नं ३को जस्तापाता फेर्ने काम | ३९२५८७।- |
| १९०/२०७९-११-१७ | बौद्ध निर्माण सेवा | ९२१५१६।- |
| ३०/२०७९-७-२१ | व्युटिफिकेसन कार्य | ४१३३५७।- |
| १०५/२०८०-३-२४ | इलेक्ट्रिफिकेसन कार्य | २०१६९३।- |
| १०६/२०८०-३-२४ | साइक्लिङ ट्र्याक | ४४७२०६।- |
| १०८ /२०८०-३-२४ | लेप्चा सङ्ग्राहलयमा फर्निचर खरिद | ९१९०२३।- |

| | | |
|---|---|---|
| १०९/२०८०-३-२४(प्रदेश) | स्टिल डस्टविन खरिद | ९८३६९३।- |
| १०९/२०८०-३-१९(संघीय) | रोजगार शाखाको सामाग्री खरिद | ६६७७३०।- |

सैद्धान्तिक बेरुजु

२९ **भेरिएशन** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन आदेश स्वीकृत गर्नुपर्ने उल्लेख छ । बमोजिम भेरिएसन अडर स्वीकृत गर्नुपर्नेमा निम्नानुसार योजनाहरुमा भेरिएसन स्वीकृत नगरेको नियम सम्मत देखिएन ।

| योजनाको नाम | ठेक्का रकम | भुक्तानी रकम | कम काम भएको | भेरिएसन प्रतिशत |
|---|---|---|---|---|
| फिक्कल गुम्बापथ जुरेभञ्याङ सडक-१ | 5345392.00 | 5027870.00 | ३१७५२२ | ५।९४ |
| ठकुरचोक बराल भञ्याङ हिमाल दलित बस्ति रिङरोड | 5336789.00 | 4748841.00 | ५८७९४८ | ११।०२ |

सैद्धान्तिक बेरुजु

३० **विस्तृत नापजाँच** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । निम्न अनुसार योजनाको नापी किताब तयार गर्दा विस्तृत नापजाँच नगरेको कारण परिमाण यकिन गर्न सकिएन । पालिकाले पुन विस्तृत प्राविधिक नापजाँच गरी खर्चको भुक्तानी यकिन गर्नुपर्दछ । केहि उदाहारणहरु अनुसूचीमा समावेश छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३१ **बढि भुक्तानी** –

**...........प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१० को निर्णयबाट रु. ६००९६.८८ ।- सम्परीक्षण गरिएको ।**

३२ **कच्चावारी प्रमाणित -**

**...........प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१० को निर्णयबाट रु. ६९९३५४।- सम्परीक्षण गरिएको ।**

३३ **प्राविधिक मूल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न कार्यको लागि निर्माण सामाग्री खरिद गरेकोमा सोको प्रयोग एवं उपयोगिता यकिन गरी नापी किताब पेश नगरेकोले खर्च रकम एकिन गर्न सकिएन अतः नापी किताब पेश गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | सामानको विवरण | परिमाण | खर्च रकम |
|---|---|---|---|
| 334/2080-01-12 | CGI Sheet<br>HDPE20mm<br>HDPE25mm<br>HDPE32mm | 88 Bundle<br>3000 RM<br>4000 RM<br>2000 RM | 1376701.60 |
| 523/2080-03-17 | HDPE25 mm<br>HDPE20 mm | 490 RM<br>425 RM | 49338 |
| | जम्मा | | 1426040.60 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२६,०४०.६ |

३४ **खर्चको औचित्य -** निम्नानुसारको योजनाहरुमा राष्ट्रपति विद्यालय सुधार कार्यक्रम अन्तर्गत संघबाट निकाशा प्राप्त भएको भन्दा बढि रकमको लागत अनुमात तयार गरी पालिकाको समानिकरण बजेटबाट समेत रु. ५७१०२४। खर्चको भुक्तानी गरेको औचित्य पुष्टि हुन सकेन । पालिकाको अनुसार विद्यालय भवन निर्माण कार्यका लागि उपभोक्ता समितिको सट्टामा निर्माण व्यवसायीबाट गराउदा मात्र त्यसको गुणस्तर सुनिश्चत हुने हुँदा निर्माण कार्यको लागत बढ्न गएको हुँदा निकाशा प्राप्त रकमबाट नपुग रकम पालिका समानिकरणबाट खर्च लेख्ने गरी विद्यालय भवन निर्माण कार्य गरेको भन्ने भनाई छ ।सार्वजनिक स्रोतको

उपयोगमा मितव्ययीता कायम गरी उच्चतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्ने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्दछ । विवरण अनुसूचीमा समावेश छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **नापी किताब -**

**…………प्रारम्भिक प्रतिवेदन उपर नियमित भएको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१० को निर्णयबाट रु. १७९९८९७।- सम्परीक्षण गरिएको ।**

३६ **नर्म्स स्वीकृती** - Construction at Suspension Bridge with Glass Deck को कार्यमा 3X12mm lay end Structural clear tough and glass को प्रति मिरर स्क्वायर रु. ४६५००.00 दर कार्यपालिकाले रु.10462500। लागत अनुमान स्वीकृत गरेको छ । यस प्रकारको कार्य संघीय सरकारबाट माग स्वीकृत गर्नुपर्नेमा स्थानीय निकायबाट स्वीकृत गरेको उपयुक्त देखिएन । पालिकाको अनुसार यस्तो कार्यको स्वीकृत नर्म्स नेपालमा प्रचलनमा नरहेको हुँदा सिसा खरिद कार्यको मात्र लागत समावेश हुने गरी दररेट विश्लेषण गरिएको भन्ने भनाई रहेको छ । यस सम्बन्धमा स्थानीय सरकारको क्षेत्राधिकार भित्र रहेनरहेको यकिन गरी सार्वजनिक स्रोत परिचालनमा उच्चतम प्रतिफल सुनिश्चित हुनेगरी मितव्ययी तबरबाट खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३७ **योजना र कार्यान्वयन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । केही उदाहरणहरु देहायअनुसार छन् ।

| मिति भौचर | विवरण | रकम |
|---|---|---|
| २४०।२०७९।७।६ | बादमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा कार्यक्रम संचालन खर्च भुक्तानी गरेकोमा मूख्यत खाना खाजा खर्चको विलभरपाई पेस रहेको । | ५८०९३५ |

| | | |
|---|---|---|
| ४१०।२०७९।१०।४ | लाप्चा उत्थान मञ्चको संचालन खर्च अन्तर्गत मुख्यत खाजा खाना खर्चको भुक्तानी । | १७८३७५ |
| ४२८।२०७९।१०।९ | करफोक विद्यालयमा सांगितिक कार्यक्रम संचालन खर्च भुक्तानी । | १००००० |
| ६३१।२०७९।१२।१४ | नगर स्तरिय खेलकुद संचालन खर्च भुक्तानी । | १००००० |
| ७८१।२०८०।१।२७ | गणेश रसिक फाउण्डेशनलाई नाटक कार्यक्रम संचालन खर्च भुक्तानी गरेकोमा मूख्यत खाना खाजा खर्चको विलभरपाई पेस रहेको । | २९०७२५ |
| ८३१।२०८०।२।१६ | बहुभाषिक कविता गजल गीत सम्मेलन खर्च भुक्तानी गरेकोमा मूख्यत खाना खाजा खर्चको विलभरपाई पेस रहेको । | १७५००० |
| ८८४।२०८०।२।२८ | आदीवासी जनजातीहरुको झाकी प्रदर्शन कार्यक्रम खर्च भुक्तानी गरेकोमा मूख्यत खाना खाजा खर्चको विलभरपाई पेस रहेको । | १००००० |
| ८९२।२०८०।२।३० | इन्द्रेणी युवा क्लवलाई खेलकुद कार्यक्रम संचालन खर्च भुक्तानी गरेको । | १००००० |
| ९००।२०८०।२।३१ | नगरस्तरिय फुटबल प्रतियोगिता संचालन खर्च । | ५५५९६५ |
| ९४४।२०८०।३।५ | नगरस्तरिय खेलकुद कार्यक्रम कट्टेबुङ फुटवल कपको लागि अनुदान प्रदान गरेको । | ५०००० |
| ९४६।२०८०।३।५ | मेयर कप फुटबल प्रतियोगिता संचालन खर्च । | १५५००० |
| ९७७।२०८०।३।१३ | वडा स्तरिय फुटबल प्रतियोगिता संचालन खर्च । | १००००० |

| | | |
|---|---|---|
| १०१६।२०८०।३।१७ | नगरयुवा परिषदबाट लोकसेवा तयारी कक्षा संचालन खर्च । | २००००० |
| १०४९।२०८०।३।१८ | टोल विकास संस्थालाई खेलकुद सामाग्री वितरण खर्च । | १००००० |
| १०५७।२०८०।३।१७ | १४ वटा टोल विकास संस्थालाई मसलन्द खर्च भुक्तानी । | ६४५००० |
| १०५९।३।१८ | आदिवासी जनजाती प्रवर्धन कार्यक्रम खर्च भुक्तानी गरेको । | १००००० |
| १०९३।२०८०।३।१९ | युवा परिषद र खेलकुद परिषद संचालन बैठक भत्ता र खाजा खर्च भुक्तानी गरेको । | १०५००० |

सैद्धान्तिक बेरुजु

३८ **छोरी बुहारी कार्यक्रम** -पालिकाले करफोक बिद्या मन्दिर बहुमुखी क्याम्पसमा अध्ययनरत छात्राहरुलाई छात्रावृत्ति प्रदान गर्नका लागि छोरी बुहारी कार्यक्रम संचालन गरेको छ । पालिकाले परिक्षामा एक पटक सम्म फेल भएका बिद्यार्थीहरुलाई समेत एक पटकका लागि मौका दिएर छात्राहरुलाई यथासंभव पास गराउने मनासायका साथ कूल बार्षिक शूल्कको ७० प्रतिशत छात्रावृत्ति दिने गरी कार्यपालिकाबाट निर्णय गरेको छ । यदि २ पटक फेल भएमा पहिलो पटक फेल हुँदाका बखत दिएको छात्रावृत्ति रकम असूल गर्ने भन्ने समेत उल्लेख गरेको छ । यस्तो कार्यक्रमको थालनी यहि चालु आर्थिक वर्षबाट भएको हुँदा १ पटक फेल भई सकेका छात्राहरुलाई समेत ७० प्रतिशत छात्रावृत्ति दिएकोमा पुन फेल भए नभएको यकिन गरी कार्यपालिकाको निर्णयअनुसार २ पटक फेल भएमा छात्रावृत्ती दिएको रकम असूल हुने गरी संयन्त्रको विकास गरी कार्यक्रमको प्रभावकारिता यकिन गर्नुपर्दछ ।

प्राप्त विवरणअनुसार यस कार्यक्रममा निम्नानुसारको कैफियत देखियो :

क. पहिलो वर्षमा अध्ययनरत जम्मा २६ जनालाई पूर्ण छात्रवृत्ति प्रदान गरेको छ ।

ख. गत वर्ष पहिलो वर्ष छात्रवृत्ति पाउने ३७ जना मध्य ५ जना dropout भई ३३ जनालाई दोस्रो वर्षको छात्रवृत्ति प्रदान गरेको छ ।

ग. हाल तेस्रो वर्ष अध्ययनरत १९ जनालाई छात्रवृत्ति प्रदान गरिएकोमा गत वर्ष कतिले छात्रवृत्ति प्राप्त गरेको भन्ने अभिलेख प्राप्त हुन सकेन । ती मध्ये ३३ जनाले पहिलो वर्षमा छात्रवृत्ति प्राप्त गरेको विवरण पेश भएको छ ।

घ. हाल चौथो वर्षमा अध्यनरत मध्ये १९ जनालाई छात्रवृत्ति प्रदान गरेको छ । गत वर्षहरूमा तिनिहरूले प्राप्त गरेको छात्रवृत्तिको अभिलेख अद्यावधिक नभएको कारण अघिल्लो वर्ष कस करले प्राप्त गरेका थिए र ती मध्ये कतिले अध्ययन छाडेका छन् एकिन भएन । छात्रवृत्ति पाउन योग्य विद्यार्थीलाई नै छात्रवृत्ति वितरण गरेको हो वा होइन एकिन गर्न सकिएन ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको अद्यावधिक विवरण तयार गरी सार्वजनिक समेत गर्नु पर्दछ ।

| मिति भौचर | विवरण | रकम रु. |
|---|---|---|
| ५१९।२०७९।११।१४ | ३९ जना बिद्यार्थी मध्ये फेल हुने १५ जनालाई समेत रु १६०३० का दरले छात्रावृत्ति प्रदान गरेको । | २४९४५० |
| ७६४।२०८०।१।२६ | ५२ जना बिद्यार्थी मध्ये फेल हुने ४२ जनालाई रु १६०३० का दरले छात्रावृत्ति प्रदान गरेको । | ६७३२६० |
| | जम्मा | ९२२७१० |

सैद्धान्तिक बेरुजु

३९ **अनुत्पादक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ ।पालिकाबाट देहायअनुसारको खर्चको भुक्तानी गर्दा नियमावलीको उल्लिखित व्यवस्थाअनुसार रितपुगेको भनि आश्वस्त हुन

सकिएन । विस्तृत विवरण अनुसूचीमा समावेश छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **स्वायत्त संस्थालाई अनुदान**

447/2080-02-29 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही निकयको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ ।पालिकाबाट देहायअनुसारको खर्चको भुक्तानी गर्दा नियमावलीको उल्लिखित व्यवस्थाअनुसार रितपुगेको भनि आश्वस्त हुन सकिएन । नेपाल रेडक्रस सोसाईटी फिक्कल लाई एम्बुलेन्स मर्मत बापत खर्च लेखेको छ । स्वायत्त संस्थालाई यस प्रकारको खर्च लेख्नु अनियमित देखिएको रु.

| अनियमित भएको | ९५,००० |
|---|---|

४१ **फ्रिज हुनुपर्ने -**

**...........प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८१-१-२४ को निर्णयबाट रु.४५०५३९४।-सम्परीक्षण गरिएको ।**

४२ **नगर अस्पताल संचालन**

पालिका अन्तर्गत साविकको फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रलाई २०७९ पौष देखि स्वास्थ्य वीमा नगर अस्पतालको रुपमा फिक्कल अस्पताल संचालनमा आएको जनाएको छ । नगर अस्पतालले पेश गरेको विवरण अनुसार अस्पतालको कारोबारको प्राप्ति भुक्तानीको अवस्था देहायअनुसार छन् :

| प्राप्ति | रकम रु. | भुक्तानी | रकम रु. |
|---|---|---|---|
| शुरु बैंक मौज्दात | ५४०४९४०.८५ | औषधी खरिद | २७४४५१४६. |

| | | | |
|---|---|---|---|
| नगरपालिका अनुदान | २२८४६२५. | मेशिनरी तथा औजार खरिद | १३५८१७१. |
| स्वास्थ्य वीमाबाट प्राप्त | ३०२६८४१४. | एम्बुलेन्स खरिद | २०१००५०. |
| अन्य आम्दानी | ३१८४२५५. | संचालन खर्च | ९९५०७७४. |
| | | अन्तिम बैंक मौज्दात | ३७८०९३.८५ |
| **जम्मा** | **४११४२२३४.८५** | **जम्मा** | **४११४२२३४.८५** |

लेखापरिक्षणबाट देखिएका व्यहोराहरुः

क) नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन सहित) को बुँदा १८ मा अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने व्यहोरा उल्लेख भएकोमा सोअनुसार खरिद योजना तयार गरेको छैन । कार्यविधिको व्यवस्था अनुसार खरिद योजना बनाई औषधी खरिद कार्यलाई व्यवस्थित प्रतिस्पर्धी एवं मितव्ययी बनाउनु पर्दछ । त्यसैगरी औषधी आपुर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना कर्मचारीलाई जिन्सी हेर्नेगरी जिम्मेवारी तोक्ने निजले नियमित जिन्सी स्रेस्ता मिलाउने र दैनिक औषधीको खपत तथा मौज्दातको अभिलेख राख्नुपर्ने साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्ने जस्ता व्यवस्था भएकोमा सोको कार्यान्वयन भएको छैन ।कार्यविधिको उल्लिखित प्रावधानको कडाईका साथ कार्यान्वयन गर्नुपर्दछ ।

ख) फिक्कल अस्पताल फार्मेसी सेवा सञ्चालन मापदण्ड, २०७९ को बुँदा नम्बर ४ मा यस अस्पतालले औषधी तथा औषधीजन्य र पदार्थको खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सूर्यदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यहोरा उल्लेख गरेको छ ।

ग) अस्पताल खरिद ईकाईको मिति २०७९।११।२६ को निर्णयअनुसार नेपाल औषधी व्यवस्था विभागबाट इजाजत प्राप्त ८ वटा थोक औषधी बिक्रेताहरुबाट न्यूनतम दररेट निर्धारणगरी रु. २ करोड ७४ लाख ४५ हजारको औषधी खरिद गरेको जनाएको छ।दररेट विधिबाट खरिद कार्य गर्दा औषधी खरिद कार्यमा पर्याप्त प्रतिस्पर्धा भएको भनि आश्वस्त हुन सकिएन । अत औषधी खरिद कार्यलाई बढि प्रतिस्पर्धात्मक स्वच्छ, पारदर्शी, लागत प्रभावी बनाउनका लागि नगर अस्पताले सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा भएको व्यवस्थालाई कडाईका साथ पालना गर्नु पर्दछ ।

घ) फिक्कल अस्पताल फार्मेसी सेवा सञ्चालन मापदण्ड, २०७९ को बुँदा नम्बर १० मा अस्पताल फार्मेसीको छुट्टै खाता हुनुपर्ने, सो खाता संचालन सम्बन्धी कार्यविधि खातामा जम्माहुनुपर्ने रकम तथा उक्त खाताबाट हुने खर्च, सो खाताबाट मूल कोषखातामा रकम दाखिला हुनुपर्ने व्यहोरा, स्वास्थ्य वीमा कार्यक्रम बापत प्राप्त

हुने रकम यसै खातामा हुने जस्ता प्रावधानहरु रहेकोमा अस्पतालले हाल सम्म फिक्कल अस्पतालको एकमात्र बैंक खाताबाट सम्पूर्ण आर्थिक कारोबार गर्दै आएको छ । अत, कार्यविधिको उल्लिखित व्यवस्थाको कार्यान्वयन गरी आर्थिक कारोबारलाई चुस्त, दुरुस्त, पारदर्शी र कार्यात्मक बनाउनु पर्दछ ।

ङ) फिक्कल अस्पताल फार्मेसी सेवा सञ्चालन मापदण्ड, २०७९ को बुँदा नम्बर ११ मा प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र फार्मेसीको आयव्ययको हिसाव गर्नुपर्ने आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आन्तरिक लेखापरिक्षण गराईसक्नुपर्ने, प्रत्येक वर्षको अन्त्यमा फार्मेसीमा खरिद भएको अद्याबधिक परिमाण विक्री भएको परिमाण तथा बाँकी परिमाणको सन्तुलन परिक्षण तयार गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा त्यसअनुसार कार्यविधिको पालना भएको छैन । कार्यविधिमा उल्लिखित व्यवस्था अनुसार आन्तरिक लेखापरिक्षण गर्ने गराउने, औषधीको खरिद, प्राप्ति, उपभोग र मौज्दात अवस्था यकिन हुनेगरी फार्मेसी सञ्चालन कार्यलाई पारदर्शी, कार्यदक्ष एवं प्रभावकारी बनाउनु पर्दछ ।

च) नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ (संशोधन सहित) को बुँदा २९ अनुसार अस्पताल व्यवस्थापन समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेमा सोअनुसार प्रतिवेदन पेस गरेको छैन । । पालिकाबाट समेत अस्पतालको कामकारवाहीको अनुगमन गरी अस्पतालको काम कारवाहीहरुको नियमित मूल्याङ्कन गर्नु पर्दछ । अस्पताल संचालन, सेवा प्रवाह, औषधी खरिद, आयव्ययको अवस्था लगाएको क्षेत्रको सूक्ष्म निग्रानी राख्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

छ) फिक्कल अस्पताल फार्मेसी सेवा सञ्चालन मापदण्ड, २०७९ को बुँदा नम्बर ११ मा अस्पतालमा फार्मेसी सञ्चालनको अवस्था एवं उक्त सेवालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि अस्पताल तथा स्वास्थ्य कार्यालयहरुले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन नगरपालिका तथा प्रदेश तथा संघीय मन्त्रालयको औषधी गुणस्तर निर्धारण शाखामा प्राप्त हुनेगरी पठाउनु पर्ने उल्लेख भएकोमा सोअनुसारको अनुगमन कार्य नभएको हुँदा फार्मेसी संचालन कार्यको प्रभावकारिता यकिन हुन सकेन ।कार्यविधिको व्यवस्थाअनुसार प्रभावकारीरुपमा अनुगमन गरी तोकिएअनुसार प्रतिवेदन गर्नेगराउने तथा फार्मेसी सञ्चालन सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **आन्तरिक लेखापरिक्षणबाट औंल्याएका मूख्य बेरुजु**

**आन्तरिक लेखापरिक्षणबाट औंल्याएको व्यहोराहरु**

क) **नगदी रसिदको प्रयोग –** कार्यालयले सञ्चित कोषमा आम्दानी जनाउने आन्तरिक राजस्व असुलीका लागि कम्प्युटर सफ्टवेयरबाट नगदी रसिद जारी गर्ने गरेबाट उक्त सफ्टवेयरले नै नगदी रसिद नियन्त्रण गर्ने व्यवस्था मिलाएको छ । यस नगदी रसिद प्रयोग गरी आम्दानी प्राप्त गरेको रकम सञ्चित कोषमा आम्दानी जनाएको छ । उक्त रसिद बाहेक विभिन्न प्रयोजनका लागि कार्यालयले छपाइ

गरी प्रयोगमा ल्याएको नगदी रसिदहरूबाट असुली भएको रकम समेत यकिन गरी कम्प्युटर सफ्टवेयरबाट जारी हुने नगदी रसिद काटी आम्दानी जनाउने गरेको छ । बाँडफाँटबाट प्राप्त आय एवं आन्तरिक अनुदान खातामा रकम प्राप्त हुँदा नगदी रसिद काटी आम्दानी जनाउने गरेको छैन । नगरपालिकाले सबै प्रकारको आम्दानी प्राप्त गर्दा नगदी रसिदको प्रयोग गर्नु पर्दछ ।

ख) **राजस्व असुलीको छड्के जाँच:** सूर्योदय नगरपालिकाको कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ७ मा कर दाताले पेश गरेको विवरण परीक्षण र अनुसन्धान गर्ने एवं कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने लगायतका कर अधिकृतको काम कर्तव्य र अधिकार उल्लेख छ । नगरपालिकाले असुल गर्ने सम्पत्ति कर सँग सम्बन्धित विवरणहरू एवं हाटबजार, निकासी, सवारी पार्किङ, ठेला पसल आदिबाट हुने राजस्व असुलीको आकस्मिक रूपमा जाँच गर्ने गरेको देखिएन । सम्भावित राजस्व चुहावटलाई रोक्नका लागि कर अधिकृतले उल्लिखित क्षेत्रको समय समयमा आकस्मिक जाँच गरी प्रतिवेदन गर्ने, प्राप्त हुन बाँकी राजस्वको अभिलेख अद्यावधिक गरी नियमित ताकेता गर्ने व्यवस्था मिलाउन पर्दछ ।

ग) **सडक निर्माणको नर्मस:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्री परिषदले २०७५।४।२४ मा सडक तथा पुल निर्माणको नर्म्स स्वीकृत गरेको छ । स्वीकृत मेशीनरी नर्म्स प्रयोग गरी सडक निर्माणको लागत अनुमान तयार गर्नु पर्नेमा पालिकाले सो नगरी मेशीनरी र म्यानुअल नर्म्स दुवैको मिश्रित नर्म्स प्रयोग गरी दर विश्लेषण गर्ने गरेको छ । म्यानुअल नर्म्स समेत समावेश गरिएको दर विश्लेषणका आधारमा लागत दर कायम गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार मूल्यांकन गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको छ । स्वीकृत मेशिनरी नर्मसबाट सडक निर्माण तथा मर्मत कार्य गराउँदा दर विश्लेषणमा म्यानुअल नर्म्सको अंश समावेश गर्नुपर्ने आधार पेश हुन पर्दछ ।

घ) **ठेक्का अभिलेख:** सार्वजनिक खरिद ऐन, २०६३ मा निर्माण कार्यको अभिलेखांकन लागि महालेखापरीक्षकबाट स्वीकृत म.ले.प. फाराम नं ५०७ अनुसारको अभिलेख राख्नु पर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हाल सम्मको प्रगति र बाँकी कामको अवस्था, कार्य सम्पादन जमानत, जमानतको मान्य अवधिको अवस्था, खरिद संझौताको म्याद थपको अवस्था, कार्य सम्पन्न गर्नुपर्ने मिति, भेरीयसन जस्ता विषयहरू सम्बन्धी सूचनाहरू अभिलेख तयार गरी अद्यावधिकगर्नु पर्नेमा कार्यालयले सो अनुसारको अभिलेख राखि अद्यावधिक गरेको छैन । स्वीकृत ढाँचा अनुसारको अभिलेख राखी अद्यावधिक गर्नु पर्दछ ।

ङ) **खरिद संझौताको सूचना -** सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १४७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना नगरपालिकाले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना नगरपालिकाले आफ्नो वेवसाइटमा राखी

सार्वजनिक खरिद अनुगमन कार्यमा समेत पठाउन पर्ने व्यवस्था छ । नगरपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नु पर्दछ ।

च) **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्वजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले त्यस्तो सम्पत्तिको अद्यावधिक अभिलेख राखेको छैन । सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख राखी अनुगमन नभएको कारण समेतबाट सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै साबुद रहे नरहेको र त्यस्तो सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै प्रकारले हक हस्तान्तरण वा लिजमा दिए नदिएको सम्बन्धमा एकिन हुन सकेन ।

छ) **विद्यालयगत निकासा अभिलेख:** आर्थिक कार्यविधि नियमावली तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयहरूलाई दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा त्यस्तो अभिलेख राखि अद्यावधिक गरेको छैन । त्यसबाट विद्यालयलाई वास्तविक रूपमा निकासा गर्नु पर्ने रकम र निकासा भएको रकमबारे यथार्थ जानकारी प्राप्त हुन सकेन ।

झ) **विद्यालयको लेखा पालन:** विद्यालयको आर्थिक कारोबारलाई नियमित, मितव्ययी, प्रभावकारी, पारदर्शी, जवाफदेही र औचित्य पूर्ण बनाई लेखा पालन प्रक्रियालाई सरलीकृत गरी एकरूपता कायम गर्न, समयमा नै आर्थिक प्रतिवेदन तयार गर्न, लेखापरीक्षण कार्यका लागि आवश्यक विवरण तथा कागजातहरू चुस्त दुरुस्त राख्ने कार्यलाई सरल र सहजीकरण गर्न शिक्षा मन्त्रालयले विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ तयार गरी जारी गरेको छ। नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूले उक्त दिग्दर्शनले निर्देशित गरे बमोजिम आम्दानी तथा खर्चको लेखाङ्कन गरेको देखिएन । विद्यालय मार्फत हुने आर्थिक कारोबारलाई व्यवस्थित गर्न लेखा पालनमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

समग्रमा देहायअनुसारको विषयहरुमा आन्तरिक लेखापरीक्षणबाट सुधारका लागि सुझाव भएकोमा सूधार हुनुपर्ने देखिन्छ

आन्तरिक प्रशासन, बजेट तथा योजना तर्जुमा, राजस्व, व्यवस्थापन, लेखाङ्कन तथा वित्तीय प्रतिवेदन सम्बन्धी, सार्वजनिक खरिद, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, भूमी व्यवस्थापन, भवन तथा वस्ति विकास, सहकारी क्षेत्र, सामाजिक सुरक्षा र संरक्षण, शिक्षा, स्वास्थ्य क्षेत्र, सूचना प्रविधिको प्रयोग, सार्वजनिक जवाफदेहिता र सुशासन, धरौटी र अन्य कोषहरुको अवस्था र उपयोग, बेरुजु अभिलेख र

| |
|---|
| फछ्यौंट जस्ता विषयहरुमा देखिएका नीतिगत तथा व्यवहारगत कमिकमजोरीहरु औंल्याएको छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याएको कमिकमजोरीहरुको सुधार हुनुपर्दछ । |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : सूर्योदय नगरपालिका, इलाम , सुर्योदय नगरपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मिलन भट्टराई | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हेम प्रकाश नेम्बाङ्ग | २०७९-५-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सिर्जना विष्ट | २०७७-४-१ | २०७९-५-२५ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,५०५,३९४ | २,६५४,३४७.८८ | १,४२६,०४०.६ | ० | ० | ४२३,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९,००८,७८२.४८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७,२३७,७४१.८८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,७७१,०४०.६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ३०६१३९९८७.७६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५९५७४९९२४.७२ | **चालु खर्च** | ५६३६७६५७५.७ |
| **प्रदेश सरकारबाट अनुदान** | १०६१०७३७६.२८ | **पूँजीगत खर्च** | ४३४२२३६८५.४४ |
| **राजश्व बाँडफाँट** | १३०३४७४४०.३९ | **वित्तीय/अन्य व्यवस्था** | ३७०६९४२०५.०३ |
| **आन्तरिक आय** | ५०२४००४१.३९ | | |
| **अन्य आय** | ३८८९३४५३०.०४ | | |
| **कुल आय** | १२७१३७९३१२.८२ | **कुल खर्च** | १३६८५९४४६६.१७ |
| **बाँकी मौज्दात** | | २०८९२४८३४.४१ | |

**बेरूजु दफा ४ सँग सम्बन्धित विवरण - अनुसूची -३**

अनुसूची ३ : एकिकृत वित्तीय विवरण

आर्थिक वर्ष २०७९।०८०

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं** | **विवरण** | **रकम** | **रकम** | **सि.नं** | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३०६१३९९८७.७६ | १ | **चालु खर्च** | | ५६३६७६५७५.७० |
| | क) संचित कोष | २४७९९३५२५.८३ | | | | | |
| | ख) धरौटी | ३१९८०२८८.२० | | २ | **पूँजीगतखर्च** | | ४३४२२३६८५.४४ |
| | ग) अन्य कोषहरु | २६१६६१७३.७३ | | | | | |
| | | | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | १८०५८७४८१.७८ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ५०२४००४१.३९ | | | ख) ब्याज भुक्तानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) राजस्व बाँडफाँड | १३०३४७४४०.३९ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | | | | |
| | | | | ४ | **लगानी** | | |
| **३** | **वित्तियहस्तान्तरण संघ** | | ११४३१६८३०.०० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८८५८५००.०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ९५४५८३३०.०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | १००००००००.०० | | **५** | **धरौटी खर्च** | | १५०१९५९४.७३ |
| | घ) विशेष अनुदान | ०.०० | | | क) फिर्ता | १५०१९५९४.७३ | |
| | | | | | ख) सदरस्याहा | | |
| ४ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | ६५५१०८९३३.०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | १६७९८००००.०० | | **५** | **विभाज्यकोष बाँडफाँट** | | ४९८१००.०० |
| | ख) सशर्त अनुदान | ४५७१२८९३३.०० | | | क) संघीय सरकार | ०.०० | |
| | ग) समपूरक अनुदान | १३००००००.०० | | | ख) प्रदेश सरकार | १७६३१८.०० | |
| | घ) विशेष अनुदान | १७००००००.०० | | | ग) स्थानीय सरकार | ३२१७८२.०० | |
| | | | | | | | |
| ५ | **अन्तरस्थानीय तहबाट प्राप्त** | | ०.०० | ६ | **अन्तरसरकारी अख्तियारी** | | ३३३७२१६००.०० |
| | | | | | क) सामाजिक सुरक्षा | ३१११०२००७.०० | |
| ६ | **अन्तरसरकारी अख्तियारी** | | ३३३७२१६००.०० | | ख) गरिबसँग विश्वेश्वरकार्यक्रम | ६२६०००.०० | |
| | क) सामाजिक सुरक्षा | ३१११०२००७.०० | | | ख) एकिकृत स्वास्थ्यपूर्वाधार विकास कार्यक्रम | २१९९३५९३.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) गरिवसँग विश्वेश्वरकार्यक्रम | ६२६०००.०० | | | | | |
| | ख) एकिकृत स्वास्थ्यपूर्वाधार विकास कार्यक्रम | २१९९३५९३.०० | | ७ | **अन्य कोषकोखर्च** | | २१९५३०१०.३० |
| | | | | | क) कार्य संचालन कोष (विविधखर्च) | ६८९२०८५.०० | |
| ७ | **अन्य** | | १३०७५०३५.०० | | ख) कर्मचारी कल्याण कोष | ५५०१२२३.८५ | |
| | क) सडक बोर्ड नेपाल | ३८९९०२२.०० | | | ग) मर्मत संभार कोष | ७३८२१७१.४५ | |
| | ख) जनसहभागिता | ९१७६०१३.०० | | | ख) प्रकोप व्यवस्थापन कोष | २१७७५३०.०० | |
| | | | | | | | |
| ८ | **धरौटी** | | २१०७८९३५.०४ | ८ | **अनुदान फिर्ता** | | ६७५६८४६२.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | धरौटी आय | २१०७८९३५.०४ | | | संघीय सरकार | ५९३५९००८.२८ | |
| | | | | | प्रदेश सरकार | ८२०९४५३.७२ | |
| ९ | **विभाज्यकोष** | | ४९८१००.०० | | स्थानीय सरकार | ०.०० | |
| | क) प्राप्ति | ४९८१००.०० | | | | | |
| | | | | ९ | **मौज्दात** | | २०८९२४८३४.४१ |
| | | | | | संचित कोष (ग-४) | १४५६१३०८२.४७ | |
| १० | **विभिन्न कोषतर्फको आय** | | २१०५८९६०.०० | | धरौटी (ग-३) | ३८०३९६२८.५१ | |
| | क प्रकोप ब्यबस्थापन कोष | २५०००१८.०० | | | विभाज्य कोष (ग-६) | ०.०० | |
| | ख) मर्मत संभार कोष | ७४८३५८९.०० | | | कार्य संचालन कोष (ग-२-७) | ३८७७७४१.८६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) लैंगिक हिंसा निवारण कोष | १४००००.०० | | | प्रकोप व्यवस्थापन कोष (ग-७-२) | ३४४६९३.७३ | |
| | घ) उद्यम विकास कोष | १०००००.०० | | | आकस्मिक कोष (ग-७-१) | ५००००००.०० | |
| | ङ) कृत्रिम गर्भाधान कोष | ७३१०००.०० | | | विविध कोषहरु (ग-५-१) | १६०४९६८७.८४ | |
| | च) वाल कोष | १८६७३०.०० | | | | | |
| | छ) आकस्मिक कोष | ०.०० | | | | | |
| | ख बिबिध खर्च खाता | ९९१७६२३.०० | | | | | |
| | | | | | | | |
| **जम्मा** | | | १६४५५८५८६२.५८ | **जम्मा** | | | १६४५५८५८६२.५८ |

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ३१४०७४३७२.७६ | ९३७६५७७१२।८२ | १०३४८७२८६६।१७ | २०८९२४८३४।४१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ३०६१३९९८७।७६ | १२७१३७९३१२।८२ | १३६८५९४४६६।१७ | २०८९२४८३४।४१ |
| फरक | ७९३४३८५।०० | ३३३७२१६००।०० | ३३३७२१६००।०० | - |

पालिकाले देहायअनुसारका कोषहरुमा वर्षान्तमा निम्नानुसारको मौज्दात भएको जनाएको छ

स्थानीय तह संचितकोष रु १४५६१३०८२।४७

विविध खर्च कोष रु ३८७७७४१।८६

विपद व्यवस्थापन कोष रु. ३४४६९३।७३

विविध (ग५) खाता रु १६०४९६८७।८४

आकस्मिक कोष रु ५००००००।

कूल रु. २०८९२४८३४।४१

**बेरूजु दफा ५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

त्रैमासिक खर्च विवरण

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **आषाढ महिनाको** |
|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | १९,६५,४७,८८७. | ६४,२०,९७५. | ३,५७,१४,९३०. | १५,४४,११,९८०. | ६,७३,५९,३६०. |
| प्रतिशत | १०० | ३।२७ | १८।१७ | ७८।५६ | ३४।२७ |

**बेरूजु दफा ८ सँग सम्बन्धित विवरण - अनुसूची -५**

आन्तरि आय

| विवरण | अनुमान | वास्तविक | फरक | प्रतिशत |
|---|---|---|---|---|
| आन्तरिक राजश्व प्राप्ति | ५२८६४०००।- | ५४१३९०६३।३९ | १२७५०६३।३९ | १०२.४१ |
| मौज्दात जिम्मेवारी | ३१८७११५००।- | २४७९९३५२५।८३ | (७०७१७९७४।१७) | ७७.८१ |
| जम्मा | ३७१५७५५००।- | ३०२१३२५८९।२२ | (६९४४२९१०।७८) | ८१.३१ |

**बेरूजु दफा १७ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| क्षेत्र/उप क्षेत्र | विनियोजन | विनियोजन (%) | खर्च | खर्च (%) | |
|---|---|---|---|---|---|
| | | कूल विनियोजनको तुलनामा | | विनियोजनको तुलनामा | कूलखर्चको तुलनामा |
| आर्थिकविकास | २४६५६९२३०. | १८.०३ | १६४३५६१५४.२६ | ६६.६६ | १६.४७ |
| सामाजिकविकास | ५१६३४१०५०. | ३७.७६ | ४३६३७२७६७.४ | ८४.५१ | ४३.७३ |
| पूर्वाधारविकास | ३७९५३१०५०. | २७.७५ | २५४०२६९५७.९९ | ६६.९३ | २५.४६ |
| सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | ५६५२८०००. | ४.१३ | २४९१८९०८.४७ | ४४.०८ | २.५ |
| कार्यालयसञ्चालन तथा प्रशासनिक | १६८६३५५००. | १२.३३ | ११८२२५४७३.०२ | ७०.११ | ११.८५ |
| कुल जम्मा | १३६७६०४८३०. | १००. | ९९७९००२६१.१४ | ७२.९६ | १००. |

**बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची -७**

केही उदाहरणः

| क्र.सं | योजनाको नाम | कामको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | बरबोटे कट्टेबुङ विरुवा सडक | E/W excavation<br>In Road<br>In Drain | २२२९।६<br><br>५२४।६५ | २०<br><br>३० | ४४५९२।६०<br><br>१५७३९।५० |
| | जम्मा | | | | ६०३३१।५० |

**बेरूजु दफा २७ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| मिति भौचर | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| २३६/२०७९-१२-१० | सुन्दर पानी पुल डाँडा तामाङ्ग गाउँ | ३,२८,५००।- |
| २४१/२०७९-१२-१३ | पुरानो चिज फ्याक्टि देखी प्रकास श्रेष्ठको घर हुदै जाने बाटो | ३२८५०० |
| २४२/२०७९-१२-१५ | कार्की डांडा गाजले जाने सडक | १०९५०० |
| २४३/२०७९-१२-१५ | कटुवाल भन्ज्याङ बस्नेत गाउँ कागुने सिम्ले सहकारी सड क | ७१२२९०।- |

| | | |
|---|---|---|
| २९९/२०७९-१२-२९ | बाह्रमासे सडकको संयोग टोलको कटहरेबाट चोक्टि गाउँ जाने सडक | ५४८३१२।- |
| ३५०/२०८०-०१-२४ | कार्की डाँडा गाजले गाउँ जाने बाटो | ५४७५००।- |
| ३७८/२०८०-१-२७ | केराबारी तारागोलाइ बगरे गाउँ सिस्ने सडक | ७७८०१०।- |
| ४१९/२०८०-२-२१ | प्रगति दुग्ध संस्था देखि बर पिपल हुँदै रमाइलो सडक | ५४७५००।- |
| ४३०/२०८०-२-२४ | भुलभुले चोक देखी खानी गाउँ सडक | ६४२५०।- |

**बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -९**

| योजनाको नाम | कामको विवरण | परिमाण | दर | जम्मा | नापी लिएको रनिङ मिटर |
|---|---|---|---|---|---|
| अलवेदर सडकबाट श्री कृष्ण आवि बैशाके हुदै जोगमाई सडक | Stone solling work | २३६।७८ | ३३५० | ५९३४३३ | 451 |
| पुरानो चिज फ्याक्ट्रि सौरटे भिरे रोड सडक | Sub Base<br>Gabion work | ३१२।९०<br>११।५ | १६१६।१<br>५२०५ | ८७६००० | 596 |

| | | | | | |
|---|---|---|---|---|---|
| कजेनी खेल मैदान | Earthwork excavation | १०४।२४ | ४९७।४९ | ९२५७७८ | Cross section नभएको |
| **जम्मा** | | | | **२३९५२११** | |

**बेरूजु दफा ३४ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| **क.सं.** | **योजनाको नाम** | **निर्माण कार्यको कूल भुक्तानी रु.** | **निर्माण कार्यकालागि निकाशा प्राप्त रु.** | **समानिकरण अनुदानबाट भुक्तानी रु.** |
|---|---|---|---|---|
| १ | ज्ञानोदय आ.वि. | 2097944.03 | 1800000 | 209744 |
| २ | गोरख आ.वि. | 2161280 | 1800000 | 361280 |
| | **जम्मा** | | | **५७१०२४** |

**बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

अनुत्पादक खर्चको विवरण

| भौचर मिति | विवरण |
|---|---|
| 575/2080-03-22 र 602/2080-03-24 | कन्टिन्जेन्सीबाट पशुपति भाँडा पसलबाट रु. 334309। दैनिक उपभोग्य वस्तुहरु खरिद गरेकोमा यस प्रकारको खर्च लेखेको मनासिव देखिएन । कन्टिन्जेन्सी खर्च सम्बन्धित आयोजनासंग सम्बन्धित खर्चमा मात्र भुक्तानी गर्नुपर्दछ । |
| 596/8080-03-24 | कार्यालयले टेन्डरको मूल्याङ्कन समिति लगायतमा बैठक भत्तामा आमन्त्रित सदस्यका रुपमा पालिकाका कर्मचारीहरुलाईरु१६५४०००। बैठक भत्ता दिएको मनासिव नदेखिएको हुँदा यस्तो खर्च नियन्त्रण हुनुपर्दछ । वोलपत्र मूल्याङ्कन समितिका सदस्य भन्दा बाहिरका व्यक्तीहरुलाई बैठक भत्ता खर्च लेख्ने कार्य कडाईका साथ नियन्त्रण गरी यस्ता खर्चमा मितव्ययीता सुनिश्चित गर्नुपर्दछ । |
| 40/2079-12-30 | नवप्रवर्दन साझेदारी कार्यक्रम अनुगमन खर्च शीर्षकबाट होटल इस्टर्न ब्लु बिल रु.68923, मुस्कान होटल रु. 18411.50, सुदिनी डेरी 24132, भ्यू प्वाइन्ट रु. 16790 र जिहाना होटल रु. 16252.20 को समेत रु. 141517.50 खर्च लेखेकोमा सहभागीको उपस्थिति लगायतको कागजात बेगर खर्च लेखेको हुँदा खर्चको विश्वसनीयता यकिन हुन सकिएन । |
| 62/2080-02-23 | सुर्योदय सडक महोत्सव को लागि ४० वटा Stall बनाउनको लागि युनाईटेड फिक्कल क्लब लाई रु. ६ लाख खर्च लेखेकोमा Stall भाडाको आम्दानी गरेको देखिएन र उक्त सामाग्री प्रयोग पछिको सामाग्री को आम्दानी देखाएको छैन । |
| | कार्यालयले फुसको छाना फेरी जस्ताको छाना फेर्ने कार्य गर्दा लागत अनुमान मूल्याङ्कन गर्दा ठूलो सानो सबै घरमा प्रति घर रु. ७५००० खर्च लेखेको छ । घरको साईज अनुसार मूल्याङ्कन गरी खर्च लेख्नुपर्दछ । |

| | |
|---|---|
| 123/2080-03-23 | चिया चौतारीलाई बिबिध खर्च बापत रु. 54340 खर्च लेखेकोमा कार्यक्रम उपस्थिति नखुलाई खर्च लेखेको मनासिव नदेखिएको हुँदा खर्चको पुष्टि गर्ने प्रमाण सहित स्रेस्ता राखुपर्दछ । |